# मण्डन देउपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**महादेबस्थान, काभ्रेपलाञ्चोक ।**

***पर्यटन प्रवेश शुल्क उठाउने सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना***

*<u>तृतीय पटक सूचना प्रकाशित मिति २०७५।०६।११</u>*

**यस मण्डन देउपुर नगरपालिकबाट आ.ब. २०७५।७६ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस नगरपालिकको नगर सभाबाट पारित दररेट बमोजिम नगरकोट क्षेत्रमा पर्यटन प्रवेश शुल्क संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलबन्दि बोलपत्र खरीद गरि पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।**

**<u>ठेक्का सम्बन्धी बिबरण :-</u>**

| क्र.सं | आन्तरिक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७५/७६ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | दररेट |
|---|---|---|---|---|---|---|
| १. | ५-०७५/०७६ | मण्डनदेउपुर नगरपालिका भित्र नगरकोट क्षेत्रमा काभ्रेचोक, भ्यूटावर चोक र कात्तिके क्षेत्रबाट प्रवेश गर्ने विदेशी पर्यटकहरु संग संकलन गर्ने पर्यटक प्रवेश शुल्क | रु १,००,००,०००।- (एक करोड) (मू.अ.क. बाहेक) | ३,००० ।- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | सार्क राष्ट्र बाहेकका विदेशी प्रति पर्यटक ने.रु. ३०० ।- (तीन सय) (मूल्य अभिवृद्धि कर बाहेक) नेपाल बाहेकका सार्क राष्ट्र भित्रका पर्यटकहरुसंग ने.रु. २०० ।- (दुई सय) (मू.अ.क. बाहेक) |

**<u>ठेक्का सम्बन्धि शर्तहरु :</u>**

१ बोलपत्र फाराम खरिद गर्दा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७३/७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७५।६।१७ गते) को कार्यालय समय भित्र मण्डन देउपुर नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२ खरिद गरिएका बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ८ (आठौं) औं दिनको अर्थात मिति २०७५।६।१८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३ बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको **जनता बैंक, कुन्ताबेसी शाखामा** रहेको धरौटी हिसाब नं. *<u>०६२००९०४९६८७४०४</u>* खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बैंक जमानी-पत्र (**Bank Bid Bond**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४ बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

५ बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५% रकम (मु.अ.कर लाग्ने ठेक्काको हकमा मु.अ.कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बाकी रकमको मु.अ.कर वापतको रकम समेतको कार्यसम्पादन जमानीपत्र सहित संझौता गर्न आउनु पर्नेछ ।

६ ठेकेदारले संझौतामा तोकीएको विषय क्षेत्रमा तोकीएको दर रेटमा मात्र प्रवेश शुल्क असुल गर्न पाउनेछ । प्रवेश शुल्कको दररेट बोलपत्र फारामसाथ उपलव्ध गराईनेछ ।

७ ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डन देउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

८ शुल्क उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजीम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले वुझाउनु पर्नेछ ।

९ पर्यटन शुल्क नगरकोट क्षेत्रका काभ्रेचोक, भ्यूटावर चोक र कात्तिके क्षेत्रमा प्रवेश गर्ने विदेशी पर्यटकहरु संग मात्र संकलन गरिने छ ।

१० जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्यवाही हुनेछ ।

११ जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र मात्र प्रवेश शुल्क उठाउनु पर्नेछ ।

१२ कुनै किमिको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१३ प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१४ यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलीत कानून बमोजिम हुनेछन् ।